# महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

**२०७५ असोज १२ गते, शुक्रबार**

सार्वजनिक लेखा समितिका नव निर्वाचित सभापति माननीय श्री भरतकुमार शाहज्यू र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू बीच महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनले औंल्याएका महत्वपूर्ण व्यहोरा तथा मुलुकको वित्तीय प्रशासनको अवस्था सम्बन्धमा संघीय संसद सचिवालय, सिंहदरबारमा आयोजित छलफल कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा सार्वजनिक लेखा समितिका माननीय सदस्यज्यूहरु, महालेखापरीक्षकको कार्यालयका उच्चपदस्त कर्मचारीहरु र संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो ।

सो छलफल कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सम्मानीय राष्ट्रपति समक्ष पेश भएको महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनले औंल्याएका बजेट अनुशासन र स्रोत सुनिश्चितता, सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, आन्तरिक नियन्त्रण र कारोबारको यथार्थता, राजस्व प्रशासन, संस्थानको लेखापरीक्षणको अवस्था, सेवाप्रवाह व्यवस्थापन तथा जिम्मेवारी र जवाफदेहिता लागायतका मुख्य मुख्य विषयहरुको बारेमा जानकारी गराउनु भएको थियो ।

त्यसैगरी समितिका सभापतिज्यू र माननीय सदस्यहरुले स्थानीय तहको लेखापरीक्षण र सुशासन तथा सेवा प्रवाहको अवस्था, गैर बजेटरी खर्च, राजस्व लक्ष्य प्राप्ती तथा विकास बजेट, लेखापरीक्षण नगराएका निकाय, विमान खरिद, गतविगतको बेरुजु फछ्र्यौट लगायतका विषयमा आ-आफ्ना धारणा, जिज्ञासा र राय व्यक्त गर्नुभयो । लेखापरीक्षणका माध्यमबाट सार्वजनिक स्रोत साधनको परिचालन तथा सदुपयोग भए नभएको एकीन गर्नुका साथै लेखापरीक्षणलाई प्रभावकारी बनाउन समितिबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता समेत जनाउनु भयो । त्यसैगरी माननीय सदस्यहरुले सार्वजनिक लेखा समितिले गरेका निर्णय कार्यान्वयनको सम्बन्धमा राय व्यक्त गर्दै आर्थिक अनुशासनहिनताले मुलुकमा अराजकता बढाएको र यसले महालेखापरीक्षकको कार्यालय तथा सार्वजनिक लेखा समितिमाथि थप चुनौति सिर्जना भएको उल्लेख गर्नुभयो ।

माननीय सदस्यहरुले राखेको धारणा तथा जिज्ञासा उपर माननीय महालेखापरीक्षकज्यूले बेरुजू फछ्र्यौटका लागि सम्बन्धित निकाय र पदाधिकारी नै जिम्मेवार हुने उल्लेख गर्दै माननीय सदस्यहरुले उठान गरेका कतिपय विषयवस्तुहरु महालेखापरीक्षकको प्रतिवेदनमा समावेश गरिएको बताउनु भयो । साथै लेखापरीक्षणका क्रममा औंल्याईएका व्यहोराहरु सम्बन्धित निकायले कार्यान्वयन गरेमा वित्तीय अनुशासन तथा जवाफदेहिता कायम गर्न सकिने समेत बताउनु भयो । हालसम्मको प्रतिवेदनबाट सम्बोधन हुन नसकेका विषयवस्तु आगामी दिनमा गम्भीरताका साथ परीक्षण गर्ने उल्लेख गर्नु भयो ।

२०७५।६।१२

विष्णुप्रसाद रिजाल
प्रवक्ता / नायव-महालेखापरीक्षक